Lalitpur D.A.O Regd. No.: 3383/068
S.W.C Aff. No.: 33511

JuRI-Nepal न्याय तथा अधिकार संस्था-नेपाल
Justice and Rights Institute–Nepal
Serving Differently/फरक तरिकाले सेवारत

च.नं ४५/२०८३-८४

**रसुवा, धादिङ र नुवाकोट लगायतका जिल्लाहरुमा आएको बाढीबाट प्रभावितहरुका लागि तत्काल राहत, उद्दार तथा पूर्नस्थापनाका लागि हार्दिक अपील ।**

११ भदौ, २०८३, काठमाडौं ।

भदौ १० गते रसुवा, धादिङ र नुवाकोट लगायतका क्षेत्रमा आएको बिनासकारी बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति जुरी नेपाल गहिरो दुःख व्यक्त गर्दछ । यस अकल्पनीय बिपद्बाट कैंयौको ज्यान गएको छ भने प्रभावित व्यक्तिहरुको जीवन, सुरक्षा, आवास तथा दैनिक जिविकोपार्जनमा गम्भिर संकट उत्पन्न भएको छ । बाढीको कारण मृत्युवरण गरेका सबै मृतकहरुप्रति जुरी नेपाल हार्दिक समबेदना प्रकट गर्दछ साथै घाइते भएका सबैको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

यस संकटको घडीमा बिपद् व्यवस्थापन र प्रतिकार्यका लागि सरकारले देखाएको संबेदनशीलता र द्रुतगतिमा गरेका महत्वपूर्ण निर्णयको स्वागत गर्दै सोको जवाफदेही, पारदर्शि र प्रभावित लक्षित कार्यान्वयनका लागि तीनवटै तहका सरकार र राज्यका सम्पूर्ण संयन्त्रहरुको अविलम्ब परिचालन तथा समन्वयकारी भूमिकाका लागि हार्दिक अपील गर्दछ । साथै अझैपनि कतिपय व्यक्तिहरु विपद्मा फसेका र उद्दारको पर्खाइमा रहेका समाचारहरु सार्वजनिक भइरहेको सन्र्दभमा त्यस्ता व्यक्तिहरुको खोजि कार्यलाई तदारुकता दिई उद्दारका कार्यमा समन्वय गर्न समेत अनुरोध गर्दछ ।

विपदले सबै व्यक्ति, बर्ग तथा समुदायलाई उत्तिकै जोखिममा पार्ने भएपनि मानवीय सहायता तथा प्रतिकार्य, बिषेशगरि उद्दार तथा राहत कार्यमा महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक तथा दलित समुदायमा हुन सक्ने सम्भावित विभेद, हिँसा तथा जोखिमहरुको पहिचान तथा रोकथामका लागि सबै सरकारी संयन्त्र तथा सरोकारवालाहरुलाई जिम्मेवार बनाउन जुरी नेपाल सरकारलाई हार्दिक अपील गर्दछ ।

दैनिक अत्यावश्यक सेवा सुविधाका साथै स्वास्थ्य उपचारको पहुँच पुग्न नसक्ने सुत्केरी, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुको लागि अतिरिक्त सेवा प्रदान गर्ने कार्यमा विशेष ध्यान दिन सम्वन्धित सबैको ध्यानाकर्षण गर्दै यस अभियानमा सहकार्य गर्न विकास साझेदार, सामाजिक संघ संस्था, सामाजिक तथा नीजि क्षेत्र, राजनैतिक दल, सञ्चारकर्मि, मानव अधिकारकर्मि तथा आम नागरिकहरुमा हार्दिक अपील गर्दछ ।

यस विपद्को घडीमा संस्थागत सहयोग र एक्यबद्दता जाहेर गर्दै अन्य आवश्यक सहयोग गर्न संस्थाका सम्पूर्ण सुभेच्छुक, सदस्य तथा कर्मचारी र सहकार्य गर्ने संस्था तथा विकास साझेदार हरुलाई पनि हार्दिक अनुरोध गर्दछ ।

जुरी नेपालको तर्फबाटः

तनुजा बस्नेत
अध्यक्ष

Address: Lalitpur Metropolitan City, Ward No. 10, Jwagal, Lalitpur P.O. Box: 4138, Kathmandu, Nepal
ठेगानाः ललितपुर महानगरपालिका, वडा नं. १०, ज्वागल, ललितपुर पो.ब.नं. ४१३८, काठमाडौं, नेपाल
Tel/Fax: +977-1-5538909/5538910, Email : info@jurinepal.org.np, Web: www.jurinepal.org.np